## आ.व. २०८१/०८२ बगनासकाली गाउँकार्यपालिकाका बैठक संख्या २०

आज मिति २०८२।०१।०९ गतेका दिन यस बगनासकाली गाउँ कार्यपालिकाको आ.व. ०८१/८२ को बिसौं बैठक गाउँपालिका कार्यवाहक अध्यक्ष श्री हरि प्रसाद पाठक ज्यूको अध्यक्षतामा देहायको उपस्थिति तथा प्रस्तावहरुमा छलफल गरी निम्न बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क.स. | वडा नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | - | श्री हरि प्रसाद पाठक | कार्यवाहक अध्यक्ष | |
| २ | ३ | श्री टिका बहादुर थापा | वडा अध्यक्ष (प्रवक्ता) | |
| ३ | १ | श्री शेर बहादुर चिदी | वडा अध्यक्ष | |
| ४ | २ | श्री तिर्थ प्रसाद भट्टराई | वडा अध्यक्ष | |
| ५ | ४ | श्री जित बहादुर कनौजे | वडा अध्यक्ष | |
| ६ | ५ | श्री ओम प्रकाश गैरे | वडा अध्यक्ष | |
| ७ | ६ | श्री लक्ष्मी प्रसाद अधिकारी | वडा अध्यक्ष | |
| ८ | ७ | श्री गण बहादुर बुढाथोकी | वडा अध्यक्ष | |
| ९ | ८ | श्री मोतीलाल बस्याल | वडा अध्यक्ष | |
| १० | ९ | श्री ठानेश्वर तिमिल्सिना | वडा अध्यक्ष | |
| ११ | २ | श्री गीता रेग्मी | का.पा. सदस्य | |
| १२ | ३ | श्री बसन्ती थापा | का.पा. सदस्य | |
| १३ | ५ | श्री खुमादेवी भट्टराई | का.पा. सदस्य | |
| १४ | ८ | श्री उमकला अर्याल | का.पा. सदस्य | |
| १५ | ३ | श्री तेज प्रसाद रसाली | का.पा. सदस्य | |
| १६ | ६ | श्री बोम लाल सुनार | का.पा. सदस्य | |
| १७ | - | श्री खेमराज छिनाल | सचिव | |

<u>अन्य उपस्थिती</u>

| क.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | हेमराज घिमिरे | क. अ. | |
| २ | | | |
| ३ | | | |

प्रस्तावहरू :

१. समिक्षा सम्वन्धमा ।

२. वराङ्गदी स्वास्थ्य चौकीको लागि स्रोतसुनिश्चित सम्वन्धमा ।

३. विविध

निर्णयहरु :

निर्णय नं. १. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१/१२/२६ गतेको कार्यपालिका वैठकमा भएका तपसिलका निर्णयहरुको समीक्षात्मक छलफल गरियो ।

क) लुम्विनी प्रदेश आर्थिक मामिला तथा योजना मंन्त्रालयको मिति २०८१/१२/२९ गतेको समपूरक अनुदानतर्फका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने सूचना बमोजिम आ.व. २०८२।०८३ का लागि आयोजना तथा कार्यक्रम माग गरि पठाउन तयारी गरियो।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८१/०८२ मा यस गाउँपालिकाको वडा नं. ८ मा वराङ्दी स्वास्थ्य चौकीको भवन निर्माण गर्नका लागि संघिय सरकारबाट् रू. ३८,८६,०००/- विनियोजन भएको र यस पालिकावाट रू.१०,००,०००/- र उक्त आधारभुत स्वास्थ्य केन्द्र निर्माण गर्न प्राविधि लागत अनुमान अनुसार रू ६०,०१,३४६|७९ मा नपुग रकम रू ११,१५,३४६|७९ (अक्षेरुपि एघार लाख पन्ध्र हजार तिन सय छयालिस रुपैया र उनानअसी पैसा मात्र) आगामी आर्थिक वर्षमा विनियोजन गर्ने गरी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. विविध

क) याल्टागैरा खानेपानी वाल निर्माण सम्बन्धमा :-

वडा नं. १ स्थित याल्टागैरा खानेपानी योजनाको पम्प हाउसको कम्पाउड वाल पहिरो गई पम्प फेर्ने टावर ढलेकाले वाल निर्माण गरी टावर फिक्स गर्न रू २५,०००/-(अक्षेरुपि पच्चीस हजार मात्र) खर्च गर्ने गरी विनियोजन गर्ने निर्णय गरियो ।

ख) पारिश्रमिक सम्बन्धमा :-

मिति २०८१/८/२, २०८१/०९/०८ र २०८१/११/१२ गतेको कार्यपालिका वैठकमावाट ९ नं. वडा कार्यालयको कार्यालय सहयोगी श्री विन्दु न्यौपाने उपचारार्थ काठमांन्डौमा (विदामा) रहदा अतिरिक्त हुलाक कार्यालय, वगनासकाली गाउँपालिका-९ मा कार्यरत कर्मचारी श्री सरस्वती थापालाई कार्यालय सहयोगीको रुपमा कामकाजमा लगाइएकोमा निजलाई दैनिक रू ४००/-(चार सय) का दरले भुक्तानी दिने निर्णय गरियो ।